# साँगुरीगढी गाउँपालिकाबाट आ.व. २०७९/०८० को वार्षिक योजना तर्जूमाका लागि विषयगत शाखा तथा वडा कार्यालयहरुलाई उपलब्ध गराईको मार्गदर्शन, २०७९

नेपालको संघीय सरकारले **सम्मृद्ध नेपाल सुखी नेपाली** र प्रदेश सरकारले **स्वच्छ सुखी र सम्मुन्नत प्रदेशको** कल्पना गरेको छ । संघीय सरकार र प्रदेश सरकारले देखेको सपनालाई गन्तब्यमा पुऱ्याउन सहयोग गर्नु स्थानीय सरकारको दायित्व हो । साँगुरीगढी गाउँपालिकाले पनि **"पर्यटन, कृषि र पूर्वाधारको विकास, साँगुरीगढी सम्बृद्धिको आधार"** विकासको गन्तब्य निर्धारण गरी अग्रसर भइरहेको छ । गाउँपालिकाले देखेको विकासको अभिष्ट पुरा गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ गाउँपालिकाले जनता समक्ष गरेको प्रतिबद्धता, स्थानीय आर्थिक, सामाजिक, सास्कृतिक अवस्था, विकासको विश्वब्यापी सन्धी सम्झौता, दीगो विकासको लक्ष्य, नेपाल सरकारले गरेको प्रतिबद्धतालाई समेत ध्यानमा राखेर वडास्तरीय योजना तथा कार्यक्रम तयार गर्नु पर्ने अवस्था रहेको छ । विषयगत शाखा तथा वडा कार्यालयहरुले आ.व. २०७९/०८० को बजेट तथा योजना तर्जूमा गर्दा देहायको मार्गदर्शनलाई आधार मान्नु पर्नेछ ।

क. **समष्टिगत मार्गदर्शन:**

१. नेपालको संविधान, दीगो विकासका लक्ष्य (SDGs)स्थानीय सरकार संचालन ऐन, २०७४ ले लिएको लक्ष्य हाँसिल गर्न सहयोग पुग्ने, गाउँपालिकाको लक्ष्य पुरा गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

२. पन्धौं संघीय आवधिक योजना निर्धारण गरेको दुरदृष्टि र प्रदेश सरकारको प्रथम आवधिक योजनाहरुले निर्धारण गरेको लक्ष्य तथा उद्देश्यलाई योगदान पुग्ने योजना छनौट गर्ने ।

३. स्थानीय स्रोत साधन तथा सीप परिचालन गरी तत्काल रोजगारी सृजनालाई सहयोग पुग्ने योजनाहरु छनौट गर्ने ।

४. वडास्तरीय योजना तर्जूमा प्रक्रियालाई बढी सहभागितामूलक र नतिजामूलक बनाउने वडास्तरीय योजना छनौट प्रक्रियामा स्थानीय राजनैतिक पार्टीहरु बुद्धिजिबी, वडास्तरीय संघ संस्थाहरुको सहभागितामा योजना छनौट गर्ने ।

६. स्थानीय रोजगार प्रवर्द्धन हुने, आयमूलक योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

७. कृषि विकास तथा पशु विकासमा सघाउ पुग्ने कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

८. वडास्तर र गाउँपालिकास्तरबाट संचालन हुने योजना तथा कार्यक्रम छुट्टाछुट्टै पेश गर्नु पर्नेछ । स्थानीय योजना बैंकमा समावेश हुने योजना तथा कार्यक्रमहरु समेत प्रस्ताव गर्नुपर्ने ।

मनोज कुमार ठाकुर

९. गाउँपालिकास्तरबाट योजना तथा कार्यक्रम प्रस्ताव गर्दा रणनैतिक दृष्टिले बढी लाभदायक हुने योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नु पर्नेछ ।

१०. आगामी आ.व.२०७९/०८० को लागि योजना छनौट गर्दा अनुसूची- १ बमोजिमको क्षेत्र तथा उपक्षेत्रहरुलाई समेटी योजना तथा कार्यक्रमको छनौट गर्नु पर्नेछ ।

ख. **आयोजनाको तर्जूमा एवं छनौट :**

११. स्थानीय आयोजना तथा कार्यक्रम छनौट गर्दा आयोजनाको सर्वेक्षण, ड्राइङ, डिजाइन तथा लागत इष्टिमेट लगायतका प्रक्रिया पुरा भएका आयोजनाहरुलाई प्राथमिकता दिने ।

१२. कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता जुटाउने सकिने भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने आयोजनालाई छनौट गर्ने ।

१३. निर्माण कार्य सम्पन्न भएका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर संचालन गर्नका लागि सहयोग पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

१४. वडास्तरीय बजेटबाट योजना तथा कार्यक्रम प्रस्ताव गर्दा एकवटा वडास्तरीय रणनैतिक योजना कम्तीमा पाँचलाख बराबरको प्रस्ताव गर्ने र अन्य योजना तथा कार्यक्रमहरु एकलाख भन्दा मुनीको प्रस्ताव गर्न पाइने छैन ।

१४. भौतिक पूर्वाधारको क्षेत्र, सडक सम्वन्धी योजना प्रस्ताव गर्दा स्तरोन्नतीलाई बढी प्राथमिकता दिनु पर्नेछ ।

१६. योजना तथा कार्यक्रम तयार गर्दा स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७८ को अधीनमा रही योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्ने ।

ग. **क्रस कटिङ्ग सम्बन्धी विषय**

१७. विकासका देहायको समकालीन सवालहरुलाई सम्वोधन गर्ने गरी योजना तथा कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ ।

- रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण
- विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण,
- सुशासन, वातावरणमैत्री विकास
- सामाजिक सुरक्षा, अपांग तथा बालमैत्री स्थानीय शासन,
- लैङ्गिक उत्तरदायी वजेट तथा समावेशीकरण र सशक्तीकरण

घ. **विषयग शाखा र वडालाई प्राप्त बजेटको सीमा:**

मनोज कुमार ठाकुर

| | | |
|---|---|---|
| १. | आर्थिक विकास तर्फ | रु २३५०००००/- |
| २. | सामाजिक विकास तर्फ | रु २९०००००/- |
| ३. | पूर्वाधार विकास तर्फ | रु ३५००००००/- |
| ४. | वातावरण तथा विपद तर्फ | रु १७५०००००/- |
| ५. | सुशासन तथा संस्थागत तर्फ | रु १००००००० |
| ६. | दशवटा वडा कार्यालयहरु तर्फ | रु ४५००००००/- |
| ७. | समपूरक कोष | रु १०००००००/- |
| ८. | चालु खर्च | रु १०२९४६१६०/- |
| ९. | सशर्त अनुदान | रु २४२४०००००/- |
| | *कुल जम्मा* | *रु ५१५३४६१६०/-* |

छ. **<u>योजना तर्जूमा तालिका</u>**

| | | | |
|---|---|---|---|
| १. | राजस्व परामर्श समितिको बैठक | : | २०७९/०२/३० |
| २. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | : | २०७९/०२/३० |
| ३. | नीति तथा कार्यक्रम तयारी तथा सभामा पेश गर्ने | : | २०७९/०३/०१ |
| ४. | वस्तीस्तरको यौजना छनौट | : | २०७९/०३/१५ |
| ५. | विषयगत समितिमा योजना प्राथमिकता तथा छलफल | : | २०७९/०३/१६ |
| ६. | गाउँ कार्यपालिकाको बैठक | : | २०७९/०३/१९ |
| ७. | गाउँसभामा पेश | : | २०७९/०३/१९ |

मनोज कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत